# कोभिड-19 का लागि प्रि-एक्सपोजर प्रोफिल्याक्सिस भनेको के हो?

## यो भनेको भाइरसलाई मानव जीवकोषसँग जोडिन र जीवकोषमा प्रवेश गर्नबाट रोक्न बनाइएको औषधि हो। यसले शरीरलाई रोगबाट बचाउँछ।



**12 वर्ष वा सोभन्दा बढी उमेरका निम्न मान्छेहरू कोभिड-19 बाट जोगिनका लागि प्रि-एक्सपोजर प्रोफिल्याक्सिस सेवन गर्न सक्छन्:**

- कम्तीमा 88 पाउन्ड (40 केजी) वजन भएका।
- हाल कोभिड-19 बाट सङ्क्रमित नभएका।
- रोग प्रतिरोधात्मक क्षमता मध्यमदेखि गम्भीर रूपमा कमजोर भएका।
- स्वास्थ्य सेवा प्रदायकले कोभिड-19 विरुद्धको खोप नलगाउन सिफारिस गरेका।

### मैले हालसालै कोभिड-19 विरुद्धको खोप लगाएको छु भने मैले प्रि-एक्सपोजर प्रोफिल्याक्सिस सेवन गर्न मिल्छ?

तपाईंले प्रि-एक्सपोजर प्रोफिल्याक्सिस सेवन गर्नुभयो भने कोभिड-19 विरुद्धको खोपले तपाईंको शरीरलाई प्रदान गर्ने प्रतिरोधात्मक क्षमता घट्न सक्छ। तपाईंले कोभिड-19 विरुद्धको खोप लगाएको कम्तीमा दुई हप्ता भएपछि मात्र यो उपचार विधि सुरु गर्नु पर्छ।

### यो औषधि कसरी सेवन गर्ने?

तपाईंलाई 2 वटा छुट्टाछुट्टै इन्ट्रामस्क्युलर (मांसपेशीको गहिराइमा लगाइने) सुई लगाइने छ।

### यो औषधिको कति पर्छ?

यो औषधि संघीय सरकारले निःशुल्क रूपमा उपलब्ध गराउँछ। प्रत्येक सेवा प्रदायकले प्रशासनिक शुल्क लिन सक्छ। उक्त शुल्क तपाईंको बीमा कम्पनीले भुक्तानी गर्छ। कहिलेकाहीँ बिरामीले पनि उक्त शुल्कको केही हिस्सा भुक्तानी गर्नु पर्ने हुन सक्छ।

Washington State Department of Health

DOH 825-030 March 2022 Nepali

तपाईं यो सामग्री अरू कुनै ढाँचामा प्राप्त गर्न चाहनुहुन्छ भने 1-800-525-0127 मा फोन गर्नुहोस्। कान नसुन्ने वा श्रवण शक्ति कमजोर भएका सेवाग्राहीहरूले कृपया 711 (Washington Relay) मा फोन गर्नुहोस् वा civil.rights@doh.wa.gov मा इमेल पठाउनुहोस्।